

Climate Change Network Nepal

# नेपालमा जलवायु परिवर्तन अनुकूलनको वित्तीय व्यवस्था

**जानकारी पत्र**

चैत २०६७

## १.सन्दर्भ

### १.१ गरिबी, विकास र सहयोग प्रभावकारिता

नेपालको कूल ग्राहस्थ उत्पादन ४२७ अमेरिकी डलर प्रतिव्यक्ति रहेको छ । यस अनुसार नेपाल विश्वका १६४ देशमध्ये १५७ औं स्थानमा रहेको छ ।[१] यहाँको कूल जनसङ्ख्याको ३१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् भने ५५ प्रतिशत जनसङ्ख्याले प्रत्येक दिन १.२५ डलरभन्दा कम खर्चमा आफ्नो दैनिक गुजारा चलाउन बाध्य छन् । गरिबीसम्बन्धी पछिल्लो बहुआयामिक सूचकांकले नेपालमा कूल जनसङ्ख्याको ६५ प्रतिशत जनसङ्ख्या गरिब रहेको मापन गरेको छ ।[२]

*नेपाल एउटा यस्तो मुलुक हो, जहाँ आजसम्म पनि महिलाहरूको औसत आयु पुरुषको तुलनामा न्यून रहेको छ । आजसम्म पनि महिलामाथिको भेदभाव प्राय: सबै क्षेत्रमा देखिन्छ ।*

त्यसो त मानव विकासका क्षेत्रमा महत्वपूर्ण सुधार आएको पनि देखिन्छ । सन् १९७० को तुलनामा आज जन्मेको बच्चा २५ वर्ष बढी बाँच्ने अपेक्षा गर्न सकिन्छ ।[३] वैदेशिक रोजगारी, ज्यालामा भएको वृद्धि, सहरीकरण जस्ता कारणले मानव विकास सूचाङ्कमा सुधार र गरिबीमा बस्ने नेपालीको संख्या घटेको देखिए पनि गरिबीको ढाँचा उस्तै रहेको छ र गरिब र धनीबीचको दुरी अझ फराकिलो भएको छ ।[४] गरीबी र असहभागिता विगतको दशक लामो द्वन्दका महत्वपूर्ण चालक रहेका थिए । विश्वका केही देशहरू मध्ये नेपाल एउटा यस्तो मुलुक हो, जहाँ आजसम्म पनि महिलाहरूको औसत आयु पुरुषको तुलनामा न्यून रहेको छ । आजसम्म पनि महिलामाथिको भेदभाव प्राय: सबै क्षेत्रमा देखिन्छ । उनीहरूको खासगरी सम्पत्तिमाथिको अधिकार, स्वास्थ्य तथा शिक्षामा पहुँच नहुनु यसका केही उदाहरण हुन् ।

नेपालको अर्थतन्त्र नकारात्मक व्यापार सन्तुलन (व्यापार घाटा) र वैदेशिक सहयोगमा निर्भताको लागि परिचित छ । सन् २००० देखि २००८ को अवधिमा आधिकारिक विकास सहयोग (Official Development Assistance) मा उल्लेखनीय ह्रास आएको देखिएको छ र राजनीतिक अस्थिरताका कारण यसै वर्ष पनि सहायता प्रतिबद्धतामा अर्थपूर्ण कमी आएको छ । कृषि, वन र अन्य क्षेत्रमा भएको न्यून सहयोगको

---

१ Ethiopia $345/159th; $551/146th; Cambodia $677/142nd. Data of 2009, World Development Indicators database, World Bank

२ http://www.ophi.org.uk/policy/multidimensional-poverty-index/, Multidimensional Poverty Index, Oxford Poverty and Human Development Initiative, University of Oxford.

३ 2010 Human Development Report: Asian countries lead development progress over 40 years, UNDP

४ Nepal Human Development Report 2009; State Transformation and Human Development, UNDP

अनुपातमा स्वास्थ्य, शिक्षा र सामाजिक क्षेत्रमा वैदेशिक सहयोग वृद्धि भएको देखिन्छ ।[५] नेपालमा करिब ३० दातृ निकायहरूले काम गरिरहेका छन् । त्यस्ता दातृ निकायहरूमध्ये बेलायत सबैभन्दा धेरै सहयोग गर्ने राष्ट्र हो । अमेरिकी सहयोग नियोग, जापान, नर्वे, डेनमार्क, जर्मनीलगायतका देशहरूले बेलायती सहयागको अनुपातमा करिब आधाजति सहयोग गरिरहेका छन् । भारत र चीनले पनि नेपालमा विभिन्न क्षेत्रमा सहयोग गरिरहेका छन् तर के कति सहयोग गरेका छन् भन्ने यकिन तथ्याङ्क उपलब्ध छैन । अन्य बहुराष्ट्रिय निकायहरूमध्ये एशियाली विकास बैक सबैभन्दा ठूलो सहयोगी भएतापनि अहिले यसलाई विश्व बैंकले उछिन्न थालेको छ ।[६]

## १.२ राज्य र राजनीति

हाल नेपाल राजनैतिक सङ्क्रमणकालमा रहेको छ । सन् २००६ को नोभेम्वरमा विस्तृत शान्ति सम्झौता भए पश्चात नेपालमा एक दशक लामो द्वन्द औपचारिक रूपमा अन्त्य भएको छ । तैपनि शान्ति प्रक्रिया अहिले अत्यन्तै नाजुक अवस्थामा रहेको छ ।

लम्बिइरहेको अस्थिर राजनैतिक अवस्थाबाट दाताहरू अधिर भएका छन् र यस्तो शून्यताका बीच सहयोग जारी राख्न असमर्थ हुने चेतावनी दिएका छन् ।

सन् २००८ मा भएको संविधान सभाको निर्वाचनपछि राष्ट्रपती र जननिर्वाचित प्रभानमन्त्री चुनिए । त्यसपछि स्थापना भएको गठबन्धन सरकारले नयाँ संविधान लेख्ने अभिभारा बोकेको थियो । वर्तमान समयमा नेकपा एमालेका तर्फबाट सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री झलनाथ खनाल सामु संविधान लेखन, शान्ति र सुव्यवस्था कायम गर्ने जस्ता विभिन्न चुनौती ठडिएका छन् । लम्बिइरहेको अस्थिर राजनैतिक अवस्थाबाट दाताहरू अधिर भएका छन् र यस्तो शून्यताका बीच सहयोग जारी राख्न असमर्थ हुने चेतावनी दिएका छन् ।

## १.३ जलवायु परिवर्तन सङ्कटासन्नता

नेपालको अर्थतन्त्र कृषिमा आधारित छ । कूल गाह्रस्थ उत्पादनको करिब ३० प्रतिशत हिस्सा कृषि क्षेत्रले ओगटेको छ  र कूल जनसङ्ख्याको ८६ प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा निर्भर रहेका छन् ।[७] भौगोलिक विविधता, कमजोर परिस्थितिक प्रणाली र गरिबीका कारण नेपाल जलवायु परिवर्तनका प्रभावका हिसावले निकै सङ्कटासन्न अवस्थामा रहेको छ । आगामी ३० वर्षमा जलवायु परिवर्तनबाट हुने प्रभावकाबारेमा १७० देशमा भर्खरै गरिएको एक अध्ययन अनुसार नेपाल जलवायुजन्य जोखिमका दृष्टिले चौथो स्थानमा पर्छ ।[८]

नेपालमा जलवायुसँग सम्बन्धित प्रयाप्त वैज्ञानिक तथ्याङ्क र प्राविधिक क्षमताको अभाव रहेको छ । तै पनि उपलब्ध अध्ययनहरूले गर्मी निरन्तर बढिरहेको र अधिकतम तापक्रम दिनानुदिन बृद्धि भइरहेको देखाएका छन् । यस्तो बृद्धि अन्य क्षेत्रको तुलनामा उच्च हिमाली क्षेत्रमा स्पष्ट देखिन्छ । अतिवृष्टिका घटनाहरू बृद्धि हुँदा बाढी र पहिरोका प्रकोपहरू बढ्दै गइरहेका छन् । त्यसैगरी मौसमी घटनाहरू अप्रत्याशित हुन थालेका छन् । वातावरणविद्हरू जलवायु परिवर्तनका कारण बेमौसमी वर्षा, बाढी र पहिरो जस्ता मौजुदा प्रवृति जारी रहने अपेक्षा गर्दछन् । र खुम्चंदा हिमनदी र हिमताल विस्फोटनका खतराबाट जनजीवन र स्वच्छ पानीका स्रोतहरूमा अनपेक्षित चुनौतीहरू थपिने छन् ।[९]



प्रायः आर्थिक रूपमा कमजोर समुदायहरू बाढी र पहिरोको जोखिम भएको स्थानमा बस्ने गरेका छन् र उनीहरू जीविकोपार्जनका लागि स्थानीय प्राकृतिक स्रोतहरूमा बढी निर्भर रहन्छन् । विश्व खाद्य सङ्गठनका अनुसार नेपालका करिब ३४ लाख मानिसहरू खाद्य असुरक्षाको चर्को मारमा रहेका छन् । कृषि मन्त्रालय र विश्व खाद्य कार्यक्रमका प्रतिवेदनले खाद्य उत्पादन घटिरहेको र खाद्यान्नको मूल्य बढिरहेको जनाएका छन् । पुरूषहरू कामको सिलसिलामा विदेशिने क्रम बढिरहँदा परिवारमा भरणपोषणको जिम्मेवारी महिलाहरूको काँधमा थपिएको छ । उनीहरूलाई पानी, ईन्धन र घाँसदाउरा संकलन गर्न धेरै

५ Joint Evaluation of the Implementation of the Paris Declaration, Phase II Nepal Country Evaluation Ministry of Finance, Nepal, 2010

६ OECD DAC Aid Statistics, http://www.oecd.org/departmentl and DFID Country Business Plan in Nepal 2009 - 2012

७ Central Bureau of Statistics, National Planning Commission, Statistical Yearbook Nepal .

८ http://www.maplecroft.com/about/news/ccvi.html

९ Immerzeel W W, Van Beek L P h and Bierkens M F P (2010) Science 328: 1382-1385.

टाढासम्म पुग्नुपर्ने विवशता छ र उनीहरू ज्याला मजदुर र घरेलु श्रमिकका रूपमा काम गर्न बाध्य भइरहेका छन् ।[१०]

# २. जलवायु परिवर्तन अनुकूलनमा वर्तमान र अपेक्षित राष्ट्रिय स्थिति:

## २.१. अन्तर्राष्ट्रिय परिप्रेक्षमा जलवायु परिवर्तन

नेपालले जलवायु परिवर्तन सम्बन्धी धेरै अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर गरिसकेको छ । नेपालले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा सन् १९९२ मा पक्ष राष्ट्र बनेको थियो र सन् १९९४ जुलाईदेखि अनुमोदन गरेको थियो । त्यसैगरी नेपालले क्योटो अभिसन्धिलाई सन् २००५ सेप्टेम्वर १६ मा अनुमोदन गरेको थियो ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रस्तुत हुँदा नेपालले समान सरोकार भएका राष्ट्रहरूसँग मिलेर आफ्ना भनाइहरू राख्ने गरेको छ । नेपाल, अल्पविकसित राष्ट्रहरूको समूह (LDC) मा रहेका ४९ मुलुकहरूमध्ये एक सदस्य हो र यस समूहका राष्ट्रसँग मिलेर वार्तामा प्रस्तुत हुन्छ । नेपाल 'जी ७७ र चीन' नामक समूहको पनि सदस्य हो तर यो समूहमा नेपाल निष्कृय जस्तै रहेको छ ।

नेपालले विकसित मुलुकहरूले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UNFCC) को धारा ४.१० मा गरेको प्रतिवद्धतालाई तत्काल पूरा गर्न जोडदार माग गर्दै आएको छ । यस धारामा भनिएको छ- "पक्ष राष्ट्रहरूले विकासशील मुलुकहरूको विशिष्ट आवश्यकता र विशेष परिस्थितिलाई पूरा ध्यान दिंदै सहयोग र प्रविधि हस्तान्तरण गर्नुपर्ने छ ।"

*"पक्ष राष्ट्रहरूले विकासशील मुलुकहरूको विशिष्ट आवश्यकता र विशेष परिस्थितिलाई पूरा ध्यान दिंदै सहयोग र प्रविधि हस्तान्तरण गर्नुपर्ने छ ।"*

## २.२ राष्ट्रिय संरचना तथा कार्यक्रमहरूको सिंहावलोकन

पछिल्लो समयमा सरकार र नागरिक समाजको संलग्नतामा भएका विभिन्न कार्यक्रमहरूको प्रभाव स्वरूप जलवायु परिवर्तन सचेतनामा वृद्धि भइरहेको छ । विगत दुई वर्षमा यस्ता कार्यक्रमहरूमा सरकारले स्वामित्व ग्रहण गर्ने सम्बन्धमा सापेक्ष सफलता हासिल भएको छ । यद्यपि जनचेतनाको स्तर भने कमजोर नै देखिन्छ । जलवायु सूचना केन्द्रहरू अस्तित्वमै छैनन् भने मुख्य नीति र दस्तावेजहरू सर्वसाधारणको पहुँचमा पुग्न सकेका छैनन् । नेपालमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जलवायु परिवर्तनलाई सम्बोधन गर्ने खालका विभिन्न नीति तथा ऐनहरू रहेका छन् । उदाहरणको रूपमा वन ऐन, १९९३ (Forest act1993), वन नीति, १९९५ (Forest Regulation, 1995), वातावरण संरक्षण ऐन, १९९६ (Environmental Protection Act 1996), वातावरण नीति १९९७ (Environmental Regulation 1997) र जलस्रोत ऐन १९९२ (Water Resource Act 1992) रहेका छन् । राष्ट्रिय स्तरका विकास तथा क्षेत्रीय योजनाहरू जस्तैः वनक्षेत्रका लागि गुरूयोजना, राष्ट्रिय जलस्रोत योजनाहरू अनुकूलनसँग अन्तर्सम्बन्धित छन् तर यी योजनाहरूमा जलवायु परिवर्तनको जोखिमलाई प्रत्यक्ष सम्बोधन भने गरिएको छैन ।

पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल जलवायुका सवालहरूलाई अगाडी बढाउन अगुवा बनेका थिए । उनको नेतृत्वमा जलवायु परिवर्तन परिषद् स्थापित भएको छ र जलवायु परिवर्तन नीति मन्त्रीपरिषदबाट पारित भइसकेको छ । नेपालमा संयुक्त राष्ट्रसङ्घीय महासन्धिको सम्पर्क निकायको रूपमा वातावरण मन्त्रालय रहेको छ । यो मन्त्रालय जलवायु परिवर्तनसम्बन्धी काम गर्ने एक आधिकारिक निकाय पनि हो । मन्त्रालय अन्तर्गत सहसचिवको नेतृत्वमा जलवायु परिवर्तनसम्बन्धी कामको समन्वय गर्नलाई बेग्लै 'जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको स्थापना गरिएको छ ।



नेपालले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिले निर्धारण गरेका विशेषकोषहरूमा पहुँच राख्छ । जसमध्ये, अल्पविकसित मुलुकहरूको कोष (least developed countries fund), विशेष जलवायु

[१०] Oxfam International (August 2009), Even the Himalayas have Stopped Smiling: Climate Change, Poverty and Adaptation in Nepal.

परिवर्तन कोष (special Climate change fund) र क्योटो अभिसन्धिअर्न्तगतको अनुकूलन कोष (The adaptation fund under the kyoto protocol) आदि छन् । अहिले यो कार्यक्रमहरूबाट रकम प्रवाह भएको छैन । यद्यपि नर्वे र स्वीजरल्याण्ड सरकारको सहयोगमा एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) ले वातावरण मन्त्रालयसँग समन्वय गरी पर्वतीय मुलुकको गठबन्धन बनाउन पहल गरिरहेको छ । यसैगरी अनुकूलनका महत्वपूर्ण कार्यक्रमहरू वन तथा भू-संरक्षण मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालयहरूले सञ्चालन गरिरहेका छन् । तर कुन परियोजना आधिकारिक विकास सहयोग (ODA) अन्तरगतका हुन् र कुन परियोजना अतिरिक्त सहयोग मार्फत सञ्चालित छन, पत्ता लगाउन निकै मुश्किल रहेको छ ।

## २.३ प्राविधिक सहयोग परियोजना तथा क्षमता अभिवृद्धि

हाल विभिन्न मन्त्रालयहरू मार्फत् दातृ निकाय/संस्थाले सहयोग गरेका प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि परियोजनाहरू सञ्चालनमा रहेका छन् । यस्ता परियोजनाहरू मन्त्रालय अन्तरगत रहेका परियोजना कार्यान्वयन इकाई मार्फत विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय परामर्शदाताले सञ्चालन गरिरहेका छन् र कुनै न कुनैरूपमा दातृ निकायहरूबाट नियन्त्रित छन् । यस्ता परियोजनाहरूमा वातावरण मन्त्रालयलाई एशियाली विकास बैंक, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम/युएनईपीले गरेको सहयोग; राष्ट्रिय योजना आयोगलाई एशियाली विकास बैंक, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम/युएनईपीले गरेको सहयोग; वातावरण मन्त्रालयअन्तर्गत रहेको जल तथा मौसम विज्ञान विभागलाई डानीडा र फिनल्याण्डले सहयोग आदि रहेका छन् । यी छुट्टा-छुट्टै सम्झौता पत्र, वित्तीय प्रवन्ध र ढाँचाहरू भएका फरक फरक परियोजनाहरु हुन् । सन् २००८ बाट एशियाली विकास बैंकको सहयोगमा सञ्चालित प्राविधिक सहायता परियोजनाको लागि छुट्याइएको अनुदानको धेरै हिस्सा जलवायु परिवर्तन र पर्यावरण व्यवस्थापनका लागि क्षमता अभिवृद्धि शीर्षकको कार्यक्रमका लागि तोकिएको छ ।

*नेपालमा काम गर्दै आइरहेका द्विपक्षीय निकायहरूले असक्षमताको कारण देखाउँदै वातावरण मन्त्रालय मार्फत कोष परिचालन गर्न असमर्थता जनाउँदै आएका छन् ।*

नेपालमा काम गर्दै आइरहेका द्विपक्षीय निकायहरूले असक्षमताको कारण देखाउँदै वातावरण मन्त्रालय मार्फत कोष परिचालन गर्न असमर्थता जनाउँदै आएका छन् । तर सरकार र अन्य पक्षहरूले भने वातावरण मन्त्रामलयलाई काम गर्न दिएर, भर्खरै स्वीकृत गरिएको जलवायु परिवर्तन नीतिलाई आत्मसात् गर्दै दीर्घकालीन नीति बनाउने र त्यसको संरचनात्मक ढाँचा सुदृढ गरी प्राविधिक सहयोगलाई संस्थागत गर्नुपर्नेमा जोड दिन्छन् ।

## २.४ सरकारी नीति तथा समन्वय संयन्त्र

अहिले नेपाल सरकारको मातहतमा रहेका जलवायु परिवर्तन परिषद् र बहुसरोकारवाला जलवायु परिवर्तन अभियान समन्वय समिति (MCCICC) ले जलवायु परिवर्तनको क्षेत्रमा समन्वय तथा नीतिगत काम गरिरहेका छन् । जलवायु परिवर्तन परिषद् सन् २००९ को जुलाईमा गठित एक २५ सदस्यीय उच्चस्तरीय तहको नीति तथा समन्वय निकाय हो । परिषदको अध्यक्षमा प्रधानमन्त्री र सदस्य सचिव वातावरण मन्त्रालयका सचिव रहन्छन् । यस परिषद्का अन्य सदस्यहरूमा विभिन्न चौध मन्त्रालयका मन्त्रीहरू, नागरिक समाजका प्रतिनिधिहरू, विज्ञहरू र गैरसरकारी संस्थाका प्रतिनिधि रहन्छन् ।

'बहुसरोकारवाला जलवायु परिवर्तन अभियान समन्वय समिति' वातावरण मन्त्रालय अन्तर्गत सन् २०१० को जुलाईमा स्थापना भएको हो । उक्त समितिलाई जलवायु परिवर्तन अभियानलाई समन्वय गर्ने र सञ्चार सुदृढ गर्दै राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेका अनुकूलन कार्यमा सहयोग पुऱ्याउने जिम्मेवारी दिइएको छ । समितिका सदस्यहरूमा विभिन्न मन्त्रालयका मन्त्रीहरू, स्थानीय निकाय, दातृ निकाय तथा नागरिक समाजका प्रतिनिधिहरू रहन्छन् ।




वातावरण मन्त्रालयले राष्ट्रिय जलवायु नीति कार्यान्वयनका लागि तीन वर्ष पहिले प्रक्रिया सुरु गरेको थियो । मन्त्री परिषदले भर्खरैमात्र उक्त नीति स्वीकृत गरेको छ । यस नीतिका मुख्य क्षेत्रहरूमा अनुकूलन, न्यून कार्वन विकास पथ र प्राकृतिक स्रोत व्यवस्थापन रहेका छन् । यस नीतिले सरकारलाई अनुसन्धान तथा प्राविधिक रूपमा सहयोग पुऱ्याउनका लागि अर्धसरकारी 'जलवायु परिवर्तन केन्द्र' स्थापना गर्ने योजना लिएको छ ।

## २.५ राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा)

नेपालले निकै ढिला गरी राष्ट्रिय अनुकूलन कार्यक्रम बनाउन पहल गरेको थियो । औपचारिक रूपमा सन् २००९ को मे महिनादेखि सरकारले यो परियोजना सुरू गरेर सन् २०१० को सेप्टेम्वरमा सकिएको थियो । यसरी राष्ट्रिय अनुकूलन कार्यक्रम योजना निर्माण प्रक्रिया ढिला हुनुमा आर्थिक अभाव, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहभागितासँग जोडिएका सवाल र वातावरण मन्त्रालयको सीमित क्षमता जस्ता विभिन्न तत्वहरूले प्रभाव पारेको देखिन्छ । राष्ट्रिय अनुकूलन कार्यक्रम बनाउनेमा नेपाल अन्तिम राष्ट्रहरूमध्ये एक थियो । नेपालले राष्ट्रिय अनुकूलन कार्यक्रम बनाउने प्रक्रियामा राष्ट्रिय योजनामा जलवायु परिवर्तन प्रक्रियालाई समावेश गर्ने, स्थानीय तहसम्म अनुकूलन कार्यक्रमलाई प्रभावकारी बनाउनका निम्ति अन्य देशहरूका अनुभवबाट सिक्ने प्रयास गरेको थियो । फलस्वरूप नेपालले तीन मुख्य उद्देश्यसहितको 'बृहत राष्ट्रिय अनुकूलन कार्यक्रम' ल्याउन सफल भयो । कार्यक्रमको मुख्य तीन प्राथमिकता निर्धारण गरेको छ । यसमा (१) राष्ट्रिय अनुकूलन कार्यक्रमको दस्तावेज तयारी तथा सम्प्रेषण (२) जलवायु परिवर्तन ज्ञान व्यवस्थापन तथा अध्ययन केन्द्र र (३) बहुसरोकारवाला कार्ययोजनाको रूपरेखा निर्माण रहेका छन् ।

*नेपालले राष्ट्रिय अनुकूलन कार्यक्रम बनाउने प्रक्रियामा राष्ट्रिय योजनामा जलवायु परिवर्तन प्रक्रियालाई समावेश गर्ने, स्थानीय तहसम्म अनुकूलन कार्यक्रमलाई प्रभावकारी बनाउनका निम्ति लागि अन्य देशहरूका अनुभवबाट सिक्ने प्रयास गरेको थियो ।*

नापा निर्माण प्रक्रियामा सरोकारवाला, इच्छुक समूह र उपेक्षित समुदायहरूलाई समावेश गरेर उनीहरूका सवालहरूलाई शामेल गरिएकाले यो कार्ययोजनाको प्रशंसा गरिएको छ । यो योजना विभिन्न मन्त्रालयहरूको नेतृत्वमा ६ वटा प्राथमिक विषयगत क्षेत्र बनाएर तयार गरिएको थियो । यस योजनाले कूल ३ करोड ५० लाख अमेरिकी डलर बजेटका नौवटा संयुक्त परियोजना निर्धारण गरेको छ । कार्यक्रमले ८० प्रतिशत बजेट गाउँ तथा जिल्ला तहमा खर्च हुने आशा गर्नुका साथै जिल्ला विकास सिमितिमा गठित मन्त्रालय र जिल्ला समन्वय समिति मातहत कार्यान्वयन गर्ने योजना बनाएको छ ।

राष्ट्रिय अनुकूलन कार्यक्रमको दोस्रो प्राथमिकता अन्तर्गत 'Nepal Climate Change and Development' नामको वेव पोर्टल सुरूवात गरिएको छ ।[११] यो पोर्टलले जलवायु सूचना र ज्ञानको मुख्य स्रोतको रूपमा काम गर्नुपर्नेछ । नेपाल 'जलवायु परिवर्तन ज्ञान व्यवस्थापन केन्द्र (NCCKMC)' सन् २०१० को नोभेम्वरबाट नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको परिसरमा सुरू गरिएको छ ।

नापा दस्तावेज कार्यन्वयनका लागि एउटा ढाँचा मात्र हो । वातावरण मन्त्रालयलाई सम्पूर्ण कार्यको समन्वय गर्ने र जलवायु परिवर्तन परिषद र बहुसरोकारवाला जलवायु परिवर्तन अभियान समन्वय समितिलाई प्रतिवेदन पेश गर्ने जिम्मेबारी दिइएको छ । मन्त्री परिषदले राष्ट्रिय अनुकूलन कार्यक्रमलाई सेप्टेम्वर २०१० मा सर्वसम्मतीले पारित गरेको थियो ।

## २.६ जलवायु समानुकूलन नमुना कार्यक्रम (PPCR)

नेपाल जलवायुसमानुकूलन नमुनाकार्यक्रम (PPCR) मा सहभागी हुने नवौ देश हो । यो कार्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ । पहिलो चरण विश्लेषण, मन्त्रालयहरूमा समन्वय र योजना बनाएर विकास योजनाहरूमा अनुकूलनका कार्यक्रमलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टइएको छ । दोस्रो चरण योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको चरण हुनेछ । पहिले नेपालका लागि यस कार्यक्रम अन्तर्गत अनुदान तथा ऋण सहयोग गरी कूल बजेट ६ करोड अमेरिकी डलर छुट्याइएको थियो । अहिले यो बजेट बढाएर ११करोड अमेरिकी डलर (५ करोड अनुदान र ६ करोड ऋण) पुऱ्याइएको छ । शुरूमा सरकारले ऋण सहयोगलाई अस्वीकार गरेको थियो तर अन्य अल्पविकसित मुलकुको अनुभव हेर्दा नेपालले पनि ऋण रकम स्वीकार गर्ने अन्दाज गर्न सकिन्छ । जलवायु समानुकूलन नमुना कार्यक्रमका लागि सरकारी तवरबाट लिन लागिएको ऋण रकमका सम्बन्धमा पछिल्लोपटक छापामाध्यममा विवादास्पद प्रतिक्रियाहरू आएका छन् र सरकार भित्रै पनि विरोधावासपूर्ण विचार रहेको बताइन्छ ।[१२]




[११] Nepal Climate Change and Development Portal, www.climatenepal.org.np

[१२] Khadka, N.S. 'Climate Injustice?' Kathmandu Post Oped, January 27th, http://www.ekantipur.com/the-kathmandu-post/2011/01/27/oped/climate-injustice/217751.html; Khadka, N.S. 'Nepal climate loan hit by opposition storm, BBC, February 3rd 2011, http://www.bbc.co.uk/news/science-environment-12357200; Bhushal, R.P 'Loan to Fight Climate Change' The Himalayan Times, 24 January 2011: http://www.thehimalayantimes.com/fullNews.php?headline=Loan+to+fight+climate+change+&NewsID=274153

राष्ट्रिय अनुकूलन कार्यक्रम योजना अघि बढिरहेको बेला जलवायु समानुकूलन नमुना कार्यक्रम सम्बन्धी छलफल अगाडी बढेको थियो । त्यतिबेला राष्ट्रिय अनुकूलन कार्यक्रम अन्तरगत जलवायु समानुकूलन नमुना कार्यक्रमलाई समायोजन गरी राष्ट्रिय अनुकूलन कार्यक्रमले पहिचान गरेका परियोजनाहरूलाई कार्यान्वयन गर्न आबश्यक पर्ने रकम जुटाउने अपेक्षा गरिएको थियो । त्यसै समयमा नेपाल सरकारले जलवायु परिवर्तन नीति ल्याउन लागेको थियो र दातृ निकायसँग सुधारात्मक समन्वयका लागि चर्को दबाव थियो । तर PPCR को एशियाली विकास बैंक र विश्व बैंक संलग्न प्रथम संयुक्त मिशन नेपाल आएपछि राष्ट्रिय अनुकूलन कार्यक्रम अन्तरगत समानुकूलन नमुना कार्यक्रमलाई समायोजन गर्न नमिल्ने र सरकारको न्यून सहभागितामा PPCR को आफ्नै कार्ययोजना बनिरहेको थाहा हुन आयो । अर्कोतिर बहुराष्ट्रिय बैंकहरूले PPCR को आफ्नै निर्देशिका भएको र राष्ट्रिय अनुकूलन कार्यक्रम अत्यन्तै ढिलो भएकोमा चासो व्यक्त गऱ्यो । त्यसै गरी राष्ट्रिय अनुकूलन कार्यक्रमले तत्कालीन र छिटै आवश्यक पर्ने कुराको परिपूर्तिमा ध्येय रहेको र PPCR को उद्देश्य दीर्घकालिन रूपमा जलवायु समानुकूलित विकासको लक्ष्य पुरा गर्ने रहेको बताइयो । तर PPCR को पछिल्लो 'Aid Memoire' मा लेखिए अनुसार PPCR अन्तरगतका कार्यक्रमले नापाको पुरक हुने र यसका कार्यक्रमलाई मजबुत बनाउने छन् ।[१३]

PPCR सम्बन्धी निर्णय गर्ने हक विशेष गरी बहुराष्ट्रिय बैंकहरूको प्रधान कार्यालयलाई भएको देखिन्छ र धेरैजसो सवालमा उनीहरूका नेपालमा रहेका कर्मचारिहरूको हात बाँधिएको अर्थात् अधिकार नभएको देखिन्छ । अहिले आएर PPCR को लिखित उद्देश्य र वास्तविकतामा फरक रहेको भन्ने मतमा वृद्धि भइरहेको छ । एशियाली विकास बैंक र विश्व बैंकको संयुक्त मिशन आउँदा नागरिक समाज र दातृ निकायले PPCR को बजेट बहुदातृ कोषको माध्यबाट प्रवाह गरिनु पर्ने कुरा उठाएका थिए तर यसो गर्नु PPCR को कार्यनीति विपरित हुने र त्यो सम्भव नभएको स्पश्ट पारिएको थियो ।[१४]

नेपालमा अहिले जलवायु परिवर्तनका नाममा विभिन्न कार्यक्रमहरू सञ्चालन हुने क्रम बढ्दो छ र यसका लागि द्धिपक्षीय र बहुपक्षीय नियोगहरूले आर्थिक सहायता गरिरहेका छन् ।

## २.७ UNFCCC प्रक्रिया बाहिर दातृ निकायहरूबाट नेपालका लागि गर्ने सहयोगका स्रोतहरू

नेपालमा अहिले जलवायु परिवर्तनका नाममा विभिन्न कार्यक्रमहरू सञ्चालन हुने क्रम बढ्दो छ र यसका लागि द्धिपक्षीय र बहुपक्षीय नियोगहरूले आर्थिक सहायता गरिरहेका छन् । तर, दातृ निकाय र सरकारी निकायबाट यस्ता पहलहरूको वास्तविक अवस्था थाहा पाउन निकै कठिन छ । यसो हुनुमा आंशिक रूपमा के कस्ता परियोजनालाई जलवायु परिवर्तन सम्बन्धी परियोजना भन्ने सवालमा रहेको फरक धारणा र दातृ निकाय तथा सरकारी संयन्त्र भित्रै रहेको समन्वयको अवाभ जस्ता कारण रहेका छन् । पछिल्लो समयमा सरकार र दातृ निकायबीच आवश्यक सूचना प्रवाह र समन्वयलाई बढाउने विभिन्न प्रयासहरू भएका छन् । वातावरण मन्त्रालयले सन् २००९ को सेप्टेम्वरमा विभिन्न १४ दातृ निकायहरूलाई एकै ठाउँमा ल्याई एउटा सम्झौतापत्रमा हस्ताक्षर गराएको थियो ।[१५] स्थानीय अनुकूलन कार्य योजना वा गरिबहरूको जलवायु परिवर्तन संकटासन्नता कम गर्न आएको द्धिपक्षीय सहयोग जलवायु अनुकूलनमा भएको महत्वपूर्ण परियोजना हो । नापा निर्माणका बेला स्थानीय अनुकूलन कार्ययोजना (LAPA) लाई समुदायमा आधारित रणनीतिका रूपमा अघि बढाउने र निर्णय प्रक्रियालाई उपल्लो तहबाट तल र तल्लो तहबाट माथि सम्म पुऱ्याउने दुवै दृष्टिकोण अपनाउन सुझाव दिइएको थियो ।



स्थानीय अनुकूलन कार्यक्रम स्थानीय स्तरमा उपेक्षित समुदाय र बहुसरोकारवालाहरूको उपस्थितिमा तयार पारिएको योजना हो । यस कार्यक्रमको उद्देश्य स्थानीय अनुकूलन आवश्यकताको पहिचान र यसका लागि चाहीने संयन्त्रको सुनिश्चितता र समन्वय गर्नु हो । "गरिब समुदायमा जलवायजन्य सङ्कटासन्नता न्यूनीकरण" नामक कार्यक्रमलाई डीएफआईडीले चार वर्षको लागि सहयोग गर्ने प्रतिवद्धता जनाइसकेको छ । कार्यन्ययनको क्रममा रहेको कार्यक्रम प्राथमिक चरण छ र यसको कार्यन्वयनका लागि बेलायती सहयोग नियोगले १०,७३,००० युरो सहयोग गरिसकेको छ । युरोपियन युनियनले पनि LAPA कार्यान्वयनका लागि १९ करोड ४० लाख सहयोग गर्ने सम्भावना छ । प्राथमिक चरणको व्यवस्थापन संयुक्त अधिराज्यको

[१३] Nepal: Pilot Program for Climate Resilience (PPCR) World Bank / ADB / IFC Joint Mission, 15- 21 November 2010 Aide Memoire.

[१४] Nepal: Pilot Program for Climate Resilience (PPCR) World Bank / ADB / IFC Joint Mission, 15-21 November 2010 Aide Memoire

[१५] Compact on Climate Change in Nepal: An Understanding between the Government of Nepal, Ministry of Environmental and development partners on ways to address climate change challenges, September 2009.

**तालिका : राष्ट्रिय अनुकूलन कार्यक्रम र जलवायु समानुकूलन नमुना कार्यक्रमः प्रमुख विशेषताहरूको सिंहावलोकन**

| | राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) | जलवायु समानुकूलन नमुना कार्यक्रम (PPCR) |
|---|---|---|
| समय | • सन् २००९ मेबाट योजना बनाउन सुरू । | • सन् २०१० मार्चबाट योजना बनाउन सुरू । |
| हालसम्म प्राप्त सहयोग | • १.३२५ मिलियन अमेरिकी डलरः २००,००० (GEF/LDCF) ५०,००० UNDP, ८७५,००० DFID, २०,००० DANIDA । | • २,२५,००० अमेरिकी डलर प्राविधिक सहयोगका लागि (Strategic Climate Fund बाट) । |
| सञ्चालन संयत्र | • UNFCCC मातहत Global Environment Facility, LDCF बहुदातृ कोष<br>• GEF महासभा परिषद, सचिवालय मातहत, अल्पविकसित राष्ट्रहरूको विशेषज्ञ समूह (LEG) को मार्गनिर्देशमा ।<br>• विश्व बैंकले संरक्षकको रूपमा काम गर्ने ।<br>• देशभित्र UNDP मार्फत रकम प्रवाह ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सल्लाहकारहरूको सहयोगमा वातवरण मन्त्रालय अन्तरगत परियोजना सञ्चालन समितिबाट अघि बढाउने । | • UNFCCC प्रक्रिया बाहिरको CIF अन्तरगतको बहु–दातृकोष ।<br>• PPCR उप–समितिले समितिको मार्गनिर्देशअनुसार नमुना कार्यक्रमको परिचालन र क्रियाकलापहरूको अनुगमन गर्ने।<br>• कोषाध्यक्षको रूपमा विश्व बैंक र एसियाली विकास बैंकले सेवा दिने ।<br>• विश्व बैंक र IRBD ले संरक्षकको रूपमा काम गर्ने ।<br>• वातावरणमन्त्रालय अन्तर्गत परियोजना कार्यान्वयन समितिमार्फत राष्ट्रिय तथा अन्तर्राट्रिय सल्लाहकारको सहयोगमा सञ्चालन । |
| योजना प्रक्रिया | • विभिन्न मन्त्रालयको अगुवाईमा ६ वटा विषयगत समुह ।<br>• देशव्यापी परामर्श तथा समालोचना र मूल्याङ्कन ।<br>• थप दातृ सहयोगबाट ज्ञान व्यवस्थापन र सरोकारवाला समन्वयमा केन्द्रित<br>• योजना मन्त्री परिषदबाट पारित । | • नापाका विषयगत समुहसँग परामर्श लिइएको ।<br>• राष्ट्रिय अनुकूलन कार्यक्रमले गरे बाहेकका थप मूल्याङ्कन गरिएको ।<br>• विश्वबैंक र एशियाली विकास बैंकका मिशनद्वारा महत्वपूर्ण निर्णय लिने । |
| विषयवस्तु | • विभिन्न विषय र क्षेत्रका ४० भन्दाबढी परियोजना पहिचान गरी नौ वटा लाई प्राथमिकता<br>• कोषको ८० प्रतिशतभन्दा बढी प्रतिशत रकम गाउँ तथा नगर क्षेत्रमा खर्चहुने अपेक्षा, योजना कार्यान्वयन समितिबाट परिचालित, प्रतिवेदन तथा अनुमतिका लागि जलवायु परिषद्सँगै वातावरण मन्त्रालय उत्तरदायी ।<br>• मुख्य संयोजनका लागि बहु–सरोकारवाला जलवायु परिवर्तन अभियान स्थापित । | • राष्ट्रिय अनुकूलन कार्यक्रमका प्राथमिकतासँग मेलखाने ४ अन्तरसम्बन्धित क्षेत्रहरू ।<br>• तोकिएका परियोजना व्यवस्थापन इकाईद्वारा सञ्चालन गरिने र विषयगत निकायहरूका सचिवले विषयगत समन्वय समितिको अध्यक्षता गर्ने ।<br>• वातावरण मन्त्रीको अध्यक्षतामा जलवायु परिवर्तन कार्यक्रम सञ्चालक समितिले अनुगमन तथा संयोजन गर्ने र वातावरण मन्त्रालय सचिवालय हुने । |
| बजेट | • नौ प्राथमिकताका परियोजनाका लागि ३५ करोड अमेरिकी डलर । | • अपेक्षित बजेट ११ करोड मध्ये ५करोडअनुदान र ६ करोड ऋण । |
| वर्तमान अवस्था र अबको बाटो | • परियोजनाहरूका लागि हाल सहयोग उपलब्ध नभएको<br>• अल्पविकसित राष्ट्रहरूको कोषबाट एक या सवाकरोड आउने सम्भावना। कार्यान्यवनको लागि यूएनईपी र यूएनडीपीबीच बाँडिने । | • मस्योदा प्रस्तावनामा सामान्य सहमती । फेब्रुअरी २०११ माअर्को मिशन आउँदा पारित हुने सम्भावना । |

नीजि परामर्शदाता कम्पनी HTSPF ले गरेको छ । दश जिल्लामा कार्यक्रम कार्यन्वयनका लागि सात गैरसरकारी संस्थासँग उप अनुबन्ध (sub contract) गरिएको छ । वातावरण मन्त्रालयको दक्षतामा कमी रहेको बताएर डीएफआईडीले स्थानीय अनुकूलन कार्ययोजनालाई भविष्यमा पनि छुट्टै व्यवस्थापन निकाय मार्फत कार्यान्वयन गराउने जनाएको छ । स्थानीय अनुकूलन कार्यक्रमको अहिले नै मूल्याङ्कन गर्नु छिटो हुन्छ तर यसको ढाँचा, कार्यशैलीर कोषको राशि संकटासन्न समुदायलाई सहयोग गर्न र अनुकूलन कार्यक्रमलाई उच्चतहको प्रक्रियामा समावेश गर्ने ठूलो सम्भावना बोकेको छ ।



## २.८ नागरिक समाजका कार्यक्रम र समन्वयः

नागरिक समाजले जलवायु परिवर्तनसम्बन्धी विभिन्न कार्यक्रम, अनुसन्धान र सञ्जाल निर्माण जस्ता गरिरहेका छन् । विभिन्न संस्थाहरूले विविध र नयाँ पहल गरिरहेका छन् । सिमित कोष र ज्ञानका कारण

यस्ता संस्थाहरू जलवायु परिवर्तनको अनिश्चिततालाई सम्बोधन गर्ने सुरूवाती अवस्थामा रहेका छन् । यद्यपि उनीहरू जलवायु परिवर्तन अनुकूलनलाई कसरी आफ्ना परियोजनाहरूमा प्रभावकारी तरिकाले एकिकृत गर्ने भनेर लागि पर्नुका साथै आफ्ना कामहरूको समीक्षा गरिरहेका छन् ।[१६] नागरिक समाजका यस्ता अनुभवहरू नीति निर्माण तथा राष्ट्रियस्तरका कार्यक्रमहरू बनाउन अति महत्वपूर्ण रहन्छन् ।

देशमा जलवायु परिवर्तनसँग सम्बन्धित काम गर्ने धेरै समूह अस्तित्वमा छन् । जलवायु परिवर्तन संजाल नेपाल (CCNN) एउटा धेरै संस्था सम्मिलित संजाल हो, जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकाय, (जापानी सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, डीएफआईडी) सहभागी छन् । जलवायु परिवर्तनका लागि गैरसरकारी संस्थाहरूको समूह स्थानीय स्तरमा जलवायु परिवर्तनमा कार्य गर्ने संस्थाहरूको साझा मञ्च हो । CAN Nepal, Climate Action Network International का सदस्य संस्थाहरूको अनौपचारिक गठबन्धन हो । CAN Nepal, दक्षीण एशियाली संजाल, Climate Action Network South Asia-CANSA को एक भात्रीसंस्थाको रूपमा समेत रहेको छ । CANSA ले दक्षिण एसिया क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सूचना प्रवाह गर्ने र छलफल तथा पैरवी गर्ने गर्छ । गैरसरकारी संस्थाका प्रतिनिधिहरू बहुसरोकारवाला जलवायु अभियान समन्वय समिति (MCCICC) र जलवायु परिवर्तन परिषद्मा पनि रहेका छन् । यी संजालहरू धेरै गैरसरकारी संस्थाहरूका खुकुलो प्रकारका गठबन्धन भएका कारण समन्वय र प्रभावकारी सूचना प्रवाह गर्नु एक चुनौती पूर्ण कार्य रहेको छ ।

*जलवायु परिवर्तनका क्षेत्रमा सञ्चार माध्यमहरूमा बढ्दो जागरुकता देखिएको छ र मुद्दाको उठान गर्न सभासदहरु र स्थानीय सरकारी निकायहरु पनि महत्वपूर्ण रहेका छन् ।*

यस्ता संजालहरूले सूचनाको सङ्कलन, पैरवी र वित्तीय व्यवस्थापनका लागि राष्ट्रिय तहमा अर्थपूर्ण भूमिका निर्वाह गर्न अझै बाँकी छ । यद्यपि हालका दिनमा PPCR ऋणका विषयमा काफी राम्रो तरिकाले समूहगत छलफल चलिरहेको छ । जलवायु परिवर्तनका क्षेत्रमा सञ्चार माध्यमहरूमा बढ्दो जागरूकता देखिएको छ र मुद्दाको उठान गर्न सभासदहरू र स्थानीय सरकारी निकायहरू पनि महत्वपूर्ण रहेका छन् । जलवायु सञ्जालहरू शैक्षिक संस्था वैज्ञानिक समूदायमाफ पुग्नुपर्छ र सञ्चारमाध्यम र सभासदहरूसँग सम्बन्ध प्रगाढ बनाउँदै लैजानु आवश्यक देखिन्छ ।

## निष्कर्ष

**खण्डित र अनिश्चित जलवायु वित्तः** नेपालमा विकास निर्माणका क्षेत्रमा भएको वित्तीय लगानी जस्तै जलवायु परिवर्तनका क्षेत्रमा भएको वित्तीय लगानी पनि खण्डित र असंयोजित छ । जलवायु परिवर्तनका क्षेत्रमा भएको आंशिक र अनिश्चित आर्थिक सहयोगका कारण दीर्घकालीन राष्ट्रिय योजना निर्माण र संकटासन्न समुदायहरूका लागि आवश्यक स्रोतको पहुँच र सहयोगमा प्रभाव परेको छ ।

**संस्थागत संरचना र नीति तथा योजनामा प्रगतिः** विभिन्न समस्याहरूका बावजुद नेपालमा जलवायु परिवर्तनका क्षेत्रमा केही सकारात्मक पहलहरू पनि भएका छन् । वातावरण मन्त्रालयलाई जलवायु परिवर्तनको विभागीय केन्द्र बनाइनुका साथै जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको स्थापना गरिएको छ । प्रधानमन्त्रीको नेतृत्वमा उच्चस्तरीय नीति तथा समन्वय समितिको स्थापना गर्नुका साथै कार्यान्वयन तहमा कार्यक्रम संयोजनका लागि बहुसरोकारवाला समिति गठन गरिएको छ ।

**स्रोत र क्षमताको अभावः** वातावरण मन्त्रालय दक्ष जनशक्तिको अभावले नराम्रोसँग गाँजिएको छ र परामर्शको नाममा अझै पनि दातृ निकायबाट दिइएका प्राविधिक सहायतामा भरपर्नु पर्ने बाध्यता छ । जलवायु परिवर्तनका क्षेत्रमा काम गर्नका लागि मन्त्रालयले कस्तो किसिमको क्षमता निर्माण गर्ने र यस क्षेत्रमा प्राप्त सिकाइलाई कसरी संस्थागत गर्ने भन्ने सवाल रहेको छ । तर, अहिलेको कर्मचारीतन्त्रलाई हेर्दा प्राविधिक क्षमता अत्यन्तै न्यून भएकाले क्षमता संस्थागत गर्नु निकै कठिन हुनेछ ।




[१६] SAGUN and Libird, Climate Change Impacts on Livelihoods of Poor and Vulnerable Communities and Biodiversity Conservation: A Case Study in Banke, Bardia, Dhading and Rasuwa Districts of Nepal, CARE Nepal, 2009

**राष्ट्रिय तथा स्थानीय अनुकूलन कार्यक्रमः** राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) ले स्थानीय स्तरमा आवश्यक स्रोतहरू पुऱ्याउनु पर्नेमा जोडदिन्छ र स्थानीय अनुकूलन कार्यक्रम (लापा)ले सम्भावित नमूना प्रस्तुत गर्छ । तर, निकै बाधाहरू हटाउन जरूरी छ । राष्ट्रिय अनुकूलन कार्यक्रमलाई पूर्ण रूपमा क्रियाशील गर्न र यसको सफल कार्यन्वयन गर्न कति समय लाग्छ भन्नेमा चिन्ता रहेको छ । वातवरण मन्त्रालयलाई अधिकार सम्पन्न बनाउनका लागि राजनीतिक प्रतिवद्धता र सहयोग आवश्यक छ । त्यसैगरी स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरूको क्षमता अभिवृद्धि कार्यक्रम र वातावरण मन्त्रालय बीचको सम्बन्ध महत्वपूर्ण हुन्छ । स्थानीय अनुकूलन कार्यक्रम कति सफल हुन्छ अहिलेसम्म स्पष्ट भएको छैन । स्थानीय अनुकूलन कार्यक्रमका नमुना कार्यक्रमहरू सफल भएभने त्यसबाट सामुदायिक अनुकूलन कार्यक्रम र एकीकृत विकास योजनाका निर्माणका लागि महत्वपूर्ण सिकाई प्राप्त हुनेछ ।

**जलवायु समानुकूलन नमुना कार्यक्रम (PPCR):** जलवायु समानुकूलन नमुना कार्यक्रमको व्यवस्थापकीय र वित्तीय व्यवस्थाको विश्वव्यापी विवादको प्रभाव राष्ट्रिय स्तरमा समेत देखिए तापनि यसमा संलग्नताले केही उपलब्धीहरू भएका छन् । यद्यपि प्रमुख रूपमा समानुकूलन नमुना कार्यक्रम कसरी विकास गरियो र सीमित राष्ट्रिय अपनत्वमा कार्यक्रम कसरी लागु गर्न सकिन्छ भन्ने विषयमा सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् । यसका अतिरिक्त PPCR को ऋण भाग देशभित्रै विवादित बन्दै गएको छ ।

**सामाजिक समानता र जलवायु अनुकूलनः** जलवायु अनुकूलनमा सामाजिक समानताको अवधारणलाई प्रवर्द्धन गर्दा स्रोतहरूको बाँडफाँड, संस्थागत संरचना जस्ता विषयहरूलाई धेरै ध्यान दिनु जरूरी छ र विश्लेषणको तहबाट कार्यान्वयनको तहमा लाग्नुपर्छ । जलवायु परिवर्तनले सामाजिक समूहहरू तथा महिला र पुरूषबीच पार्ने फरक प्रभावहरू तुलनात्मक रूपमा अध्ययन र अनुसन्धान त भएको छ तर परियोजनाहरूमा सफल रणनीति विकास गर्नु चुनौतीपूर्ण रहेको छ । उपलब्ध वित्तीय ढाँचाहरू भने संकटासन्न समुदायसम्म स्रोतसाधन पुऱ्याउने गरी तयार गरिएका छन् ।

**नागरिक समाजका मञ्चहरूः** जलवायु परिवर्तनका क्षेत्रमा जनचेतना तथा परामर्शका लागि विभिन्न नागरिक समाज तथा मञ्चहरू सक्रिय छन् । योजना निर्माण र परामर्श क्षेत्रमा उनीहरूको सहभागिता पनि बढ्दो छ । उनीहरूका कार्यक्रमहरू प्रगतीशिल र स्पष्ट रहेका छन् । उनीहरूलाई जलवायु परिवर्तन परिषद् र MCCICC मा संलग्न गरिएको छ । यद्यपि सूचना प्रवाह र जलवायु नीतिलाई प्रभाव पार्नका लागि बलियो रणनीति तथा स्रोतहरूको आवश्यकता देखिन्छ ।

**सफल अनुकूलनका लागि निश्चित आधार निर्माणः** सफल अनुकूलनका लागि निश्चित आधारहरू निर्माण गर्नुपर्ने देखिन्छ । अहिले विभिन्न परियोजना मार्फत् सामुदायिक अनुकूलनलाई सहयोग गर्ने धेरै गैरसरकारी संस्थाहरू रहेका छन् । विद्यमान प्रयास र साझा सिकाइलाई विस्तार गर्नका लागि ज्ञान व्यवस्थापनलाई बढी प्राथमिकतामा राख्नु जरूरी छ ।

**परस्परिक तथा सङ्गठित सहाययताः** आपसी समझदारी र गठबन्धनविना सहयोग वृद्धि गर्नाले पहिले नै कमजोर रहेका संस्थाहरूमा थप भार पुग्न जान्छ । जलवायु परिवर्तन अनुकूलनका लागि सहयोग जुटाउनका लागि आवश्यक संयोजनकारी संयन्त्रको अभावमा सहयोगका क्षेत्रमा कार्यरत विभिन्न निकाय र ढाँचाहरू खण्डित र विभाजित हुनेछन् । संयोजनको अभाव र दाताहरूको स्पष्ट प्रतिबद्धता नभई सहयोग रकम वृद्धि भइरहेको अवस्थामा वातावरण मन्त्रालयलाई रणनीतिक रुपमा सबैलाई मिलाएर अगाडी बढ्न निकै मुश्किल पर्नेछ ।

जलवायु परिवर्तनको यथार्थतालाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि राष्ट्रिय स्तरमा स्पष्ट चुनौती देखिएका छन् । राष्ट्रिय स्तरमा गरिने कार्यक्रमहरू जलवायु परिवर्तनका हिसाबले सानो प्रयास मात्रै हुन् । अन्तर्राष्ट्रिय स्तरमा गरिने निर्णयहरूले नै नेपालले गर्न सक्ने प्रगतिको आधार बनाउने छ । तथापि, पर्याप्त स्रोत, दीगो र राष्ट्रिय रूपमा स्वामित्व भएका कार्यक्रमहरू आवश्यक छन् । दातृ निकायहरूले पनि राष्ट्रिय प्रणालीलाई सघाउन र सङ्कटासन्न समुदायका लागि प्रभावकारी जलवायु परिवर्तन अनुकुलन सञ्चालन गर्न सक्ने साझा, बलियो र जवाफदेही संयन्त्र निर्माणका लागि संयुक्त रूपमा सहयोग गर्नुपर्छ ।

*विद्यमान प्रयास र साझा सिकाइलाई विस्तार गर्नका लागि ज्ञान व्यवस्थापनलाई बढी प्राथमिकतामा राख्नु जरूरी छ ।*



## ३. सुझावहरू

### (क) नेपाल सरकार

वातावरण मन्त्रालयको संस्थागत संरचना र जलवायु परिवर्तनसँग सम्बन्धित तत्काल सम्बोधन गर्नुपर्ने क्षेत्रहरू:

- जलवायु परिवर्तनका क्षेत्रमा वातावरण मन्त्रालयको भूमिका, अन्य मन्त्रालय, विभाग र निकायहरूसँगको समन्वय र अन्तरसम्बन्ध स्पष्ट तोकी सरकारी निकायभित्र सूचना प्रवाह गराउने ।
- सञ्चालित परियोजनाहरू मार्फत् वित्तीय तथा मानवीय स्रोतहरूको क्षमता र अन्तरको सही मापन गरी वित्तीय र मानव साधनको आवश्यकता परिपूर्तिका लागि खाका तयार गर्ने ।
- वातावरण मन्त्रालयमा भएका रिक्त पदपूर्ति गर्ने ।

*अन्तरिम समयका लागि रकम प्रवाह गर्न वातावरण मन्त्रालयले प्रशासकीय र निरीक्षकको भूमिका खेल्ने गरी सरकारी संयन्त्र ...*

### जलवायु योजना र नीतिहरूलाई अगाडि बढाउने

- जलवायु परिवर्तन नीतिलाई सहयोग गर्ने खालको दीर्घकालीन जलवायु परिवर्तन रणनीतिक योजना विकास गरिनु पर्ने ।
- प्रासंगिक ऐन नियमहरूको समिक्षा गर्ने र कसरी मजबुत बनाउन सकिन्छ विचार गर्ने । जलवायु परिवर्तन नीति २०६७ ले निर्दिष्ट गरेका योजनालाई सुदृढ ढंगले लागु गर्न नयाँ ऐन मस्यौदा गर्ने ।

### संस्थागत संरचनाको विकास तथा राष्ट्रिय सहायता इकाईको निर्माण

विस्तृत खाका र कार्ययोजना भएको आवश्यक कोष जुटाउन सक्ने, पारदर्शी र राष्ट्रिय संयन्त्रसँग नजिकको सम्बन्ध भएको राष्ट्रिय जलवायु वित्तीय इकाई स्थापित गर्नका लागि नेतृत्वदायी भूमिका खेल्ने

- अन्तरिम समयका लागि रकम प्रवाह गर्न वातावरण मन्त्रालयले प्रशासकीय र निरीक्षकको भूमिका खेल्ने गरी सरकारी संयन्त्र भन्दा बाहिर छुट्टै इकाई बनाउने । उदाहरण स्वरूप अल्पकालीन रूपमा वाणिज्य बैंक र दीर्घकालीन रूपमा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र जस्तै संयन्त्र बनाउन सकिन्छ ।
- संस्थागत आधार स्थापनाको क्रममा लैङ्गिक तथा सामाजिक समताका लागि स्पष्ट सिद्धान्त र रणनीतिहरू विकास गर्नुका साथै यी सवालहरू शासन संरचना, स्रोतको बाँडफाँड, विषयगत क्षेत्र र कार्यक्रममा कसरी प्रतिविम्वित हुन्छन् भन्ने निर्धारण गर्नुपर्छ । यसको अनुगमन तथा मूल्याङ्कनका लागि निश्चित आधारहरू तयार गर्नुपर्छ ।
- सार्वजनिक परियोजना र नागरिक समाजका परियोजनाका लागि छुट्टाछुट्टै वित्तीय आधारहरू तय गर्ने ।
- परियोजनाका विभिन्न प्रक्रियाहरूमा सरोकारवालाहरूसँग व्यापक सञ्चार, परामर्श गरी संस्थागत आधारहरूको विकासमा प्रगति भएको सुनिश्चित गर्ने ।
- सरकारको मातहतमा नीति निर्माण तहका नियकाहरूमा आपसी समन्वयनका लागि विस्तृत कार्यक्षेत्र र स्पष्ट व्यवस्थाको विकास गर्नुपर्छ । बहुसरोकारवाला जलवायु अभियान समन्वय समिति, जलवायु परिवर्तन परिषद्, जलवायु परिवर्तन ज्ञान व्यवस्थापन केन्द्र र योजना गरिएको जलवायु परिवर्तन केन्द्रलाई कसरी अन्तरसम्बन्धित बनाउने र समन्वयन गर्ने भन्ने स्पष्ट मार्गनिर्देशन तयार हुनुपर्छ ।

### निरीक्षण तथा जवाफदेहीता

- समर्पित संसाधन र विभिन्न क्षेत्रका विज्ञ सम्मिलित गरेर प्राकृतिक स्रोत साधन तथा वातावरण समितिको पुर्नस्थापना गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम, नीति तथा सवालका बारेमा संसदमा जानकारी सत्र सञ्चालन गर्ने ।



## (ख) दातृ निकायहरू

### क्षमता अभिवृद्धि कार्यक्रमहरू

- हालसम्म भएका प्रगति, क्षमता र कमजोरीका बारेमा संयुक्त र स्वतन्त्र पुनरावलोकन गर्ने र आगामी कार्यदिशा सिफारिश गर्ने ।
- क्षमता निर्माणका क्षेत्रमा भएका लागि हाल भइरहेका खण्डित प्रयासको समीक्षा गर्दै भर्खरै अनुमोदन भएको जलवायु परिवर्तन नीतिका आधारमा वातावरण मन्त्रालय र अन्य निकायको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन जलवायु परिवर्तन रणनीति निर्माणतथा साझा अवधारणा विकासका लागि संयुक्त पहल गर्ने ।
- उचित अनुगमन सहित सरकारको वित्तीय र खरिद प्रक्रियाका संयन्त्रहरूलाई थप बलियो बनाउनका लागि सहयोग गर्ने ।

### अर्थव्यवस्था र समन्वय

- सहायता एकिकृत गर्न बहुदातृनिकाय साझा कोषलाई अन्तरिम संयन्त्रको रूपमा विकास गर्ने, जसले सहकार्य र सहयोगको प्रवर्द्धन गर्न शुरू गर्नेछ । र, अन्तरीमकालका लागि छुट्टै संयन्त्र बनाई रकम प्रवाह गर्न नेपाल सरकारसँग समझदारी गर्ने ।
- राष्ट्रिय स्तरको जलवायु कोषमार्फत् अहिलेको सहायतालाई प्रवाह गर्नका लागि आवश्यक न्यूनतम शर्तको स्पष्टसँग जानकारी गराउने ।
- राष्ट्रिय स्तरमा भएका संस्थागत अभ्यास, अनुभवहरू र सीमितताहरू बारे आफ्ना मुख्यालयलाई जानाकारी गराउने ।

सहायता एकिकृत गर्न बहुदातृनिकाय साझा कोषलाई अन्तरिम संयन्त्रको रूपमा विकास गर्ने, जसले सहकार्य र सहयोगको प्रवर्द्धन गर्न शुरू गर्नेछ ।

## (ग) नागरिक समाज

सहकार्यलाई औपचारिकता दिने र सुधार गर्ने, सञ्जाल विस्तार गर्ने र तथ्यगत आधार निर्माण गर्ने:

- अनुकूलन प्रयासमा ज्ञान व्यवस्थापन र तथ्यगत आधार निर्माण गर्नका लागि संयुक्त सहकार्यलाई जोड दिने ।
- साझा नीति उद्देश्यहरूमा सहमती कायम गर्ने, सञ्जालभित्र संयुक्त कार्यहरूलाई प्राथमिकता दिने र नीति निर्माण तहमा वकालत गर्ने ।
- सञ्जालहरूलाई एक ठाउँमा ल्याउन नियमित कार्यक्रमहरूको आयोजना गर्ने ।
- सञ्जालहरूलाई वैधानिकता दिने र राष्ट्रिय सचिवालयलाई आवश्यक स्रोत जुटाउन विचार गर्ने । नेपाल बाहिर सहायता र समर्थन खोज्ने ।
- सभासदहरू, शैक्षिक तथा अनुसन्धान संस्थाहरू र सञ्चार संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने ।
- देशको वित्तीय व्यवस्था, नीति तथा कार्यक्रमहरूसँग सम्बन्धित अनुभवहरूले अन्तर्राष्ट्रिय मञ्चहरूलाई सूचित गरेको छ भन्ने सुनिश्चितता गर्ने ।

### वित्तीय ढाँचा र व्यवस्था

- राष्ट्रिय सहयायता इकाई र शासकीय ढाँचाबारे नीति निर्माण गर्न सरकार र दातृ निकायसँग परामर्श र सहभागिताका लागि दवाव दिने, सबैको मत स्पष्ट भएको, निर्णयका सम्बन्धमा सबै सुसूचित भएको र सदस्यहरूले अपनत्व महशुस गरेको सुनिश्चित गर्ने ।
- प्रमाण जुटाउनका लागि र सूचना प्रवाहका लागि जलवायु अनुकूलन परियोजनाहरूमा आवश्यक स्रोतहरू संलग्न गराउन वकालत गर्ने ।
- संस्थागत संरचनामा प्रयाप्त निरीक्षण र जवाफदेहिताको आवश्यकताबारे वकालत गर्ने र नागरिक समाजको स्पष्ट भूमिका र वैधानिकताका बारेमा वकालत गर्ने ।
- नागरिक समाजलाई उपलब्ध हुनुपर्ने स्रोतसाधन र स्रोत बाँढफाँटका लागि स्पष्ट निर्णय संरचना बनाउनका लागि वकालत गर्ने ।



# सन्दर्भ सामाग्री


ADB Technical Assistance Report, 'Federal Democratic Republic of Nepal: Strengthening Capacity for Managing Climate Change and the Environment', Nov 2008

World Bank/ ADB/ IFC, 'Aide Memoire, Nepal: Pilot Program for Climate Resilience (PPCR) World Bank/ ADB/ IFC Joint Mission, 15-21 November 2010', 23 Novmeber 2010

Bird, Brown and Schalatek;, 'Design Challenges for the Green Climate Fund', Climate Finance Policy Brief No.4, Heinrich Böll Stiftung and ODI, January 2011

Central Bureau of Statistics, National Planning Commission, 'National Population and Housing Census', Nepal, 2001

Central Bureau of Statistics, National Planning Commission, 'Statistical Yearbook of Nepal', Government of Nepal, 2009

DFID, 'Country Business Plan in Nepal, 2009 – 2012', DFID Nepal

Dixit, A, 'Scoping Assessment on Climate Change Knowledge Platform in Nepal', ISET-Nepal, 2010

FAO, 'Global Forest Resources Assessment 2010', Forestry Department, FAO

Immerzeel W W, Van Beek L P h and Bierkens M F P (2010) 'Science 328': 1382-1385

Maplecroft, 'Climate Change Vulnerability Index', http://www.maplecroft.com/about/news/ccvi.html

Ministry of Environment, 'Compact on Climate Change in Nepal: An Understanding between the Government of Nepal, Ministry of Environmental and development partners on ways to address climate change challenges', September 2009.

Ministry of Environment, 'National Adaptation Programme of Action', Government of Nepal, September 2010

Ministry of Health and Population, 'The Sector-Wide Approach in the Health Sector; Achievements and Lessons Learned', Government of Nepal, May 2010

Ministry of Finance, 'Joint Evaluation of the Implementation of the Paris Declaration, Phase II Nepal Country Evaluation', Government of Nepal, 2010

Ministry of Forests and Soil Conservation, 'The Future of Nepal's Forests, Outlook for 2020', Government of Nepal

Müller, B. 'International Adaptation Finance: The Need for an Innovative and Strategic Approach', Oxford Institute for Energy Studies, EV 42, June 2008

Müller, B. 'The Time is Right! Devolution of funding decisions to designated national/regional climate change funding entities', November 2009, Oxford Institute for Energy Studies

Nelson, G; Rosegrant MW.; Koo, J; Robertson, R; Sulser, T.; Zhu, T.; Ringler C.; Msangi S.; Palazzo, A.; Batka, M.;, Magalhaes, M.; Valmonte-Santos, R.; Ewing, M.; and Lee, D.; 'Climate Change, Impact on Agriculture and Costs of Adaptation', Food Policy Report, IFPRI, October 2009

OECD-DAC, 'Paris Declaration 2008 Monitoring Survey for Nepal'

Oxfam International, 'Even the Himalayas have Stopped Smiling: Climate Change, Poverty and Adaptation in Nepal', August 2009

Regmi BR and Karki, G; 'Local Adaptation Plans in Nepal', Tiempo Climate Newswatch, issue 76, July 2010, pp 21 – 24.

South Asia Sustainable Development Department, World Bank, 'Shared Views on Climate Change', 2009

UNDP, 'Human Development Report: Asian countries lead development progress over 40 years', 2010

United Nations Environment Programme, Global Environment Facility, 'Climate Change Expedited Financing, (Interim), Measures for Capacity Building in Priority Areas (Part II), Nepal Project Document', Date?

Tandon, N. and Vogt, E.; 'In the Hands of Women: Climate Change Finances, Oxfam Internal Background Paper', June 2010

Wily, Chapagain and Sharma, 'Land Reform in Nepal: Where is it Coming from and Where is it Going?', DFID, Nov 2008


**Online Resources and Websites**

Adaptation Fund: www.adaptation-fund.org
Climate Investment Funds: climateinvestmentfunds.org
climatefundsupdate.org
GEF Online: gefonline.org
GEF: gef.org
Nepal Climate Change and Development Portal, www.climatenepal.org.np
OECD-DAC Aid Statistics, http://www.oecd.org/departmentl
UNFCCC: unfccc.in
World Development Indicators database, World Bank


**लेखनः राजु पण्डित क्षेत्री**
**नेपालीमा अनुवादः सुनिल आचार्य र शिवहरि ज्ञवाली**

यो जानकारी पत्र अक्सफाम जी बी नेपालद्वारा अंग्रेजीमा प्रकाशित Minding the Money: Governance of Climate Change Finance in Nepal को संक्षिप्त विवरण हो ।



जलवायु परिवर्तन संजाल नेपाल

Climate Change Network Nepal
www.ccnn.org.np

थप जानकारीको लागि

CLEAN ENERGY NEPAL

सचिवालयः स्वच्छ ऊर्जा नेपाल
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर, काठमाडौं
पोष्ट बक्स २४५८१, काठमाडौं
फोन ०१-४४६४९८१, ०१६९१५६४९
इमेल info@cen.org.np
वेबसाइट www.cen.org.np



सहयोग

Oxfam

design&printproduction: wps, eMail: printnepal@gmail.com